नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/असार २०७३ (June 2016) वर्ष २०/अङ्क २३१

## जीवन कि मृत्यु ? हाम्रो छनोट

- एल्डर गोपी राई

सबै मानिस आमाको गर्भबाट एक पटक जन्मने हो । तर हाम्रो लागि दोस्रो पटक जन्मने अवसर पनि छ ।

बाइबलमा यूहन्ना ३ अध्यायमा निकोदेमस नाउँका फरिसीका बारेमा लेखिएको छ । प्रभु येशूलाई ती फरिसीले रातको समयमा आएर भन्छन्, "गुरुज्यू हामी जान्दछौं, तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन" (यूहन्ना ३:२) ।

येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।" निकोदेमसले भने, "मानिस बुढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन के सक्छ र ?"

येशूले भन्नुभयो, "कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो र आत्माबाट जन्मेको आत्मा हो ।"

हरेक मानिसको मनमा निकोदेमसको जस्तै प्रश्न हुन्छ । साँच्चै दोस्रो पटक जन्मनु सम्भव छ ? प्रभु येशूले भन्नुभयो सम्भव छ । हरेक जीवात् आमाको गर्भबाट जन्मन्छ । त्यो उसको लागि पहिलो जन्म हो । मानिस पनि पहिलो पटक आमाको गर्भबाट जन्मन्छ । तर उसको लागि त्यो जन्म मात्र पर्याप्त छैन । उसको लागि दोस्रो जन्म पनि आवश्यक छ । दोस्रो जन्म उसको विश्वाससँग सम्बन्धित छ । जसले प्रभु येशूको जन्म "मेरो निम्ति भएको हो" भनेर मानिलिन्छ र आफ्नो जीवनको मुक्तिदाता भनेर स्वीकार गर्छ भने त्यसको नयाँ जन्म हुन्छ र नयाँ जन्म भनेको फेरि जन्मनु भनेको हो । ऊ विश्वासद्वारा जन्मनु पर्छ । आमाको गर्भबाट जन्मेको शरीर हो । शरीरमा जन्मेर मात्र उसलाई पुग्दैन । आत्माबाट पनि जन्मेको हुनुपर्छ । यसैलाई दोस्रो जन्म भनिन्छ । आत्मामा जिउनुको लागि आत्माबाट जन्मेको हुनुपर्छ ।

जो दुई पटक जन्मन्छ, त्यो एक पटक मात्र मर्छ । तर जो एक पटक मात्र जन्मन्छ, त्यो दुई चोटि मर्छ । एउटा मानवमा २ वटा जीवन हुन्छ । शारीरिक जीवन र आत्मिक जीवन ! शारीरिक जीवन रहुन्जेल त्यससँगै आत्मिक जीवन पनि रहन्छ । शारीरिक जीवनको अन्त्यपछि आत्मिक जीवन बाँचिरहन्छ कि नास हुन्छ वा त्यसको पनि मृत्यु हुन्छ ?

२ कोरिन्थी ५:१७ यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो कुरा बितिगएको छ, हेर नयाँ कुरा आएको छ । कसैले ख्रीष्टलाई पाएकोले मात्र नयाँ सृष्टि हुन्छ अर्थात् दोस्रो जन्म पाउँछ ।

अधर्मीहरू परमेश्वरका राज्यका हकदार हुँदैनन् भन्ने तिमीहरूलाई थाहा छैन, धोका नखाओ अनैतिकहरू, मूर्तिपूजकहरू व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, लोभीहरू मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू, परमेश्वरका राज्यको हकदार हुने छैनन्" (१ कोरन्थी ६:९-१०) । हिजोको जन्म हाम्रो इच्छाद्वारा भएको होइन न त मृत्यु नै हाम्रो इच्छामा भर पर्छ । दुवै हाम्रो बशमा छैनन् । हाम्रो जन्म र हाम्रो आयु परमेश्वरद्वारा निर्धारित हुन्छ र मृत्यु अवश्यम्भावी छ ।

शारीरिक मृत्यु जन्मेपछि एकदिन हुन्छ नै । तर जब मानिसले आफ्नो पाप स्वीकार गर्छ र प्रभु येशुकहाँ पश्चात्ताप गर्छ भने आत्माको मृत्युबाट बाँच्छ । दोस्रो मृत्यु ल्याउनेचाहिँ पाप हो । जसले पापलाई स्वीकार गर्छ र फर्कन्छ भने त्यो दोस्रो मृत्युबाट बाँच्छ अर्थात् आत्मिक मृत्युबाट बाँच्छ र अनन्त जीवनमा प्रवेश गर्छ । "तिनले एउटा पुत्र जन्माउनेछिन्, तिमीले उहाँको नाउँ येशू राख्ने छौं, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनु हुनेछ अर्थात् मुक्ति दिनुहुनेछ" (मत्ती १:२१) ।

२ कोरिन्थी ५:१७ मा लेखिएको छ, "यदि कोही ख्रीष्टमा छ त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ ।" रोमी ३:२३ ले भन्छ, "सबै मानिसले पाप गरेका छन् र परमेश्वरको महिमामा पुग्नबाट चुकेको छन् ।" रोमी ६:२३ ले भन्छ, "किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।"

पापले दोस्रो मृत्यु ल्याउँछ । किनकि सबै पाप गर्नको लागि मृत्युको दण्ड छ । यो मृत्यु आत्माको मृत्यु हो । यो दोस्रो मृत्यु हो । तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू हत्याराहरू, व्यभिचारीहरू, जादुगरहरू, मूर्तिपूजकहरू, भूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । यो दोस्रो मृत्यु हो । (प्रकाश २१:८) । रोमी ८:१ ले भन्छ, उहाँमा अर्थात् येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन अर्थात् अनन्त जीवन छ । इसाईहरू मृत्यु पश्चात् अनन्त जीवनमा प्रवेश गर्छन् । अन्त्य नहुने जीवनमा प्रवेश गर्छन् । अनन्त जीवन पाउनेहरू परमेश्वरका राज्यमा जान्छन् जहाँ आनन्द छ ।

हाम्रो वशमा भएको कुरा चाहिँ हाम्रो जीवन कालमा नै दोस्रो जीवन कि दोस्रो मृत्यु छान्ने मौका हो । दोस्रोमा एउटा छनोट गर्न सकिन्छ । जब जीवन छनोट गर्छौं भने त्यो हो अनन्त जीवन । त्यसको लागि येशू प्रभुलाई मुक्तिदाता भनेर स्वीकार गर्नुपर्छ । हामी छनोट गर्दैनौं भने दोस्रो मृत्युमा पुग्छौं । त्यो भनेको नरक अर्थात् बाईबलमा उल्लेख गरिएको दोस्रो मृत्यु हो । पाप गर्ने तर पश्चात्ताप नगर्नेहरूको मार्ग दोस्रो मृत्यु हुन्छ ।

हामीलाई पनि कसैले सुसमाचार सुनायो । हामीले पनि सुसमाचार सुनाउने कर्तव्य हो र मत्ती २८:१८-२० मा प्रभुको आज्ञा पनि हो । तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| जेष्ठ २९<br>June 11 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | एल्डर<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | श्री<br>मार्क ग्याल्पिन | पाष्टर<br>दफ्तन सादा | डीकन<br>रूद्र राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| असार ४<br>June 18 | एल्डर<br>सामुएल क्षेत्री | श्री<br>प्रेम आले मगर | एल्डर<br>घन श्याम दाहाल | श्री<br>जीवन खालिङ | श्री<br>सुक राम तामाङ्ग | श्री<br>श्रीराम सुर्खेती | श्री<br>स्टिफन राई |
| असार ११<br>June 25 | एल्डर<br>अर्जुन ढकाल | श्री<br>सरुषमान तामाङ्ग | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>शरण राई |
| असार १८<br>July 2 | एल्डर सिमोन पाठक<br>पा. रोबर्ट कार्थक | डीकन<br>राजु तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा<br>पाष्टर बि.बि. खवास | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ पिता, पुत्र र पवित्रआत्माको नाउँमा तिनीहरूलाई बप्तिसमा देओ । मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर युगको अन्तसम्म म तिमीहरूको साथमा छु ।"

रोमी १०:१४-१५ - तर जसलाई विश्वास गरेकै छैन उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने र प्रचारकविना तिनीहरूले कसरी सुन्ने ? र कसैले नपठाइकन मानिसहरूले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर ।" नसुनिकन कसैले थाहा नै पाउँदैनन् । थाहा पाएपछि मात्र विश्वास गर्ने हो । त्यसैले सुसमाचार सुनाउनै पर्छ । त्यसैले दोस्रो जन्म लिनु आवश्यक छ । कसैले नयाँ जन्म पाउँछन् भने सन्तान सुखको रूपमा किन नलिने ? हामीले सित्तैंमा पाएको कुरा सित्तैंमा किन नदिने ?

## प्रार्थनाका विषयहरु

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलाप मागिदिऔं ।

२. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

४. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

५. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

६. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

७. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणता परमेश्वरको महिमाको लागि हामी सबै इमान्दार र विश्वासयोग्य हुन सकौं ।

८. सारा संसारभरिका मण्डलीहरूको लागि प्रार्थना गरिदिऔं ।

९. विवाह बन्धनमा बाँधिनुभएका श्रीमान्/श्रीमतीहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी

जेष्ठ १ गते/मे १४ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा एल्डरहरू र डीकनहरूको अभिषेक भयो ।

एल्डर – डीकन बेन्जामीन तामाङ्ग र श्री पिटर लिम्बू ।

डीकन – श्री गोपी लाल तामाङ्ग र श्री होम बहादुर तामाङ्ग ।

जेष्ठ ८ गते/मे २१ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा ५ जनाको समर्पण भयो ।



मेरी गुरुआमा प्रतिष्ठानमा बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य श्रीमती धन कुमारी नगरकोटी ८७ वर्षको उमेरमा जेष्ठ ५ गते/मे १८ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



सापटार बस्नुहुने, नेइम गाम्छा मण्डलीको सदस्य श्री कान्छा नगरकोटी ५६ वर्षको उमेरमा जेष्ठ ८ गते/मे २१ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

धापासी बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री निशा भण्डारी १९ वर्षको उमेरमा जेष्ठ २० गते/जुन २ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ २९<br>June 11 | एल्डर<br>गोपी राई | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| असार ४<br>June 18 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>प्रशान्त सिंह | एल्डर<br>बेन्जामीन तामाङ्ग |
| असार ११<br>June 25 | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>कृष्ण श्रेष्ठ | श्री<br>राज गुरूङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>भक्ति लामा | एल्डर<br>बी.एन.पण्डित | श्री<br>जय सिंह | श्री<br>राजु तामाङ्ग |
| असार १८<br>July 2 | एल्डर<br>जमान घ्लान | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | डीकन<br>पासाङ्ग लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>राजु श्रेष्ठ | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## हार्दिक बधाई



वैशाख २६ गते/मे ८ तारिख आइतबार नेइम नगरकोट चर्चको सदस्य सुश्री **मन कुमारी तामाङ्ग** र एलोहिम चर्च, नगरकोटको सदस्य श्री **काजु तामाङ्ग**को नेइम नगरकोट चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **काजु** र **मन कुमारी तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २६ गते/मे ८ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री **कमल थापा** र रोफेका नव जीवन चर्च बनेपाकी सदस्य सुश्री **वीणा के.सी.**को रोफेका नव जीवन चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **कमल** र **वीणा थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २७ गते/मे ९ तारिख सोमबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **आइमोन तामाङ्ग** र सुश्री **रीमा मुनिकार**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आइमोन** र **रीमा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २९ गते/मे ११ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **माया सुनार** र रिभाइभल हार्भेष्ट चर्च, खुदीखोला, कास्कीको सदस्य श्री **विजय बि.क.**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विजय** र **माया बि.क.**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ३ गते/मे १६ तारिख सोमबार नेइम ललितपुर चर्चको सदस्य श्री **श्याम बहादुर पाखिन** र जिजस फ्याम्ली चर्च, विराटनगरकी सदस्य सुश्री **मीरा चौधरी**को जिजस फ्याम्ली चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **श्याम बहादुर** र **मीरा पाखिन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ९ गते/मे २२ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री **आर अञ्जान घले** र नेपाल ख्रीष्टिय चर्च रामघाटकी सदस्य सुश्री **गीता श्रेष्ठ**को नेपाल ख्रीष्टिय चर्च रामघाटमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आर अञ्जान** र **गीता घले**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जुन महिनाको कार्यक्रम

असार १ गते/जुन १५ तारिख बुधबार **महिला उपवास प्रार्थना** आ- आफ्नै मण्डलीमा ।

असार ५ गते/जुन १९ तारिख आइतबार बिहान ९:३० **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** ज्ञानेश्वर मण्डलीमा ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २३ 5<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | ३० 12<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह ७८:७१-७२ | ५ 19<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ तिमोथी २:३-६ | १२ 26<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ |
| **सोमबार** Monday | २४ 6<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, भ्रष्टाचार, घूसखोरी, गरीबी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा जस्ता अन्धकारका कामहरूको विरुद्धमा प्रार्थना गरौं ।<br>हितोपदेश ११:११ | ३१ 13<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>गन्ती ६:२४-२६ | ६ 20<br>मण्डलीका सबै समर्पित सदस्यहरू मण्डलीको सेवा संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढ्दै बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १३ 27<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान साथै एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकौं ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २५ 7<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>मत्ती ११:२८, यूहन्ना ७:३७-३८ | ३२ 14<br>विश्वासीहरू विभिन्न समस्याहरूमा स्थिर रहने अनुग्रह मागिदिऔं ।<br>हिब्रू १२:१-३ | ७ 21<br>नेइमअन्तर्गतका मण्डली तथा छोरी मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू र संगतिहरूको लागि आवश्यक जग्गा र भवनको लागि प्रार्थना गरिदिऔं ।<br>हाग्गै २:१-९ | १४ 28<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ |
| **बुधबार** Wednesday | २६ 8<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>प्रेरित २:४२-४७ | १ असार 15<br>हामी सबैलाई वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ८ 22<br>येशू प्रभुको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा, सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>प्रेरित ९:१५-१६, फिलिप्पी १:२६-२९ | १५ 29<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोर्‍याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार** Thursday | २७ 9<br>परमेश्वरले दिनुभएका सबै बालबालिकाहरू साथै जवान छोरा छोरीहरूको लागि धन्यवाद चढाउँदै उनीहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२७:३-५ | २ 16<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १२:९-२१ | ९ 23<br>सबै विश्वासीरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १६ 30<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू हुन सकून् ।<br>मत्ती ६:३३, रोमी १४:१७-१८ |
| **शुक्रबार** Friday | २८ 10<br>हामी विश्वासीहरू वचनमा आधारित जीवन जिउनेहरू हुन सकौं ।<br>लूका ६:४६-४९ | ३ 17<br>आराधना सेवामा वचनको सेवकाइ गर्नुहुने साथै सो दिन विभिन्न क्षेत्रमा सेवकाइ गर्नुहुने सम्पूर्ण सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | १० 24<br>शनिबार मण्डलीमा आउनुहुने साथै आइराख्नुभएकाहरू जो जतिले विश्वास गर्नुभएको छैन सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२ | १७ July 1<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ।<br>उपदेशक ५:१-६ |
| **शनिबार** Saturday | २९ 11<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ४ 18<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बनिंदैन जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ११ 25<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरू साथै बाल संगतिमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १५:५८ | १८ 2<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ |

**यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।**

**(मर्कूस ११:२४)**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv